**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ अगस्त २०२६**
**समयः १८:५० – १९:०० बजे** *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- पश्चिम बंगालमा चाँड़ै नयाँ औधोगित नीति लागु गरिने।
- टिएमसी का २० बागी सांसदहरूलाई लोकसभा सचिवालयको नोटिश।
- ६ दिने बीएनएस प्रदर्शनी आज कावाखाली ,सिलगडीमा ससम्पन्न । हजारौ विध्याथ्रीहरूले ऐि भाग।
- राज्यमा पर्यटन उध्योगको विकास गरिने पहाड़मा पनि पर्यटन सविधाहरूमा सुधार गरिनेछ।
- प्रसिद्ध संगीतकार , गायक , स्वर्गीय गोपाल योन्जनको ८३ औ जन्म जयन्ती पालन।
- राज्यमा नगर निकायहरूको चुनाव संबधित तयारी सरकारले गरयो शुरू।

**पश्चिम बंगाल सरकार -नया औद्योगिक नीति**

पश्चिम बंगाल सरकारले अर्को महिनाको मध्यसम्ममा नयाँ औद्योगिक नीति जारी गर्ने तयारी गरिरहेको छ। नयाँ नीतिले उद्योगका लागि भूमि उपयोग परिवर्तनसम्बन्धी बर्तमान नियममा केही छुट दिने प्रस्ताव गर्न सक्नेछ ।

2-Byte

यो राहत औद्योगिक एकाइ स्थापनाका लागि खरिद गरिएका जमीनमा मात्र लागू हुनेछ । नवन्ना सुत्र अनुसार, प्रस्तावित परिवर्तनहरू लागू भएपछि निवेशकर्ता र औद्योगिक एकाइहरूले कानुनी रूपमा खरिद गरिएको जमीन उद्योग स्थापनाका लागि प्रयोग गर्न बर्तमान कानुनी अवरोधबाट राहत पाउन सक्छन्।राज्य सरकारका एक अधिकारीका अनुसार औद्योगिक परियोजनाका लागि कैयौं पटक ठूलो परिमाणमा जमीन एकैपटक खरिद गरिन्छ । यस्ता जलाशयको औद्योगिक प्रयोगका लागि अहिलेको प्रणालीमा लामो कानुनी प्रक्रिया अपनाउनुपर्ने हुन्छ ।अधिकारीका अनुसार प्रस्तावित छुटलाई नयाँ औद्योगिक नीतिमा समावेश गर्न सके त्यस्ता जमीनको औद्योगिक प्रयोगसँग सम्बन्धित धेरै कानुनी जटिलता कम गर्न सकिन्छ । तर, उत्पादन र सेवा क्षेत्रका औद्योगिक इकाइका लागि खरिद गरिएको जमीनमा मात्र यो राहत लागू गर्ने प्रस्ताव गरिएको छ । रियल इस्टेट क्षेत्रलाई यस सुविधाबाट बाहिर राख्न सकिन्छ।नयाँ नीतिले बर्गदारहरूको नाममा दर्ता भएको जमीन खरिदको नियमलाई पनि सहज बनाउन प्रस्ताव गर्न सक्छ। निश्चित अवधिका लागि त्यस्तो जमीन प्रयोग नगरेमा राज्य सरकारले खरिद गर्न सक्छ । जमीनको प्रचलित बजार मूल्य वा यस भन्दा अधिक भुक्तान गर्ने प्रस्ताव गरिएको छ । भुक्तानको रकम जमीनको मूल मालिक र बर्गदारको बीचमा समान रूपमा विभाजन गरिनेछ।

**पश्चिम बंगाल - शहरी विकास मंत्री -भाजपा सरकार**

पश्चिम बंगालका शहरी विकास मन्त्री अग्निमित्रा पालले राज्यको भाजपा सरकारले मई मा सत्तामा सम्हाले पछि आफ्नो चुनावी घोषणापत्रमा गरिएका ४३ प्रतिशत वाचाहरू पूरा गरेको बताउनु भएको छ। उहाले भन्नुभयो -, सरकारको ध्यान तल्लो स्तरमा विकास र राज्यमा ठूलो मात्रामा औद्योगिक निवेश आकर्षित गर्नमा केन्द्रित छ। मंत्री श्रीमती पालले क्रेडाई द्वारा आयोजित 'कोलकाता टेककोन २०२६' कार्यक्रममा पत्रकारहरूसँग बातचीत गर्दै भन्नुभयो- "मुख्यमन्त्री शुभेन्दु अधिकारी नेतृत्वको सरकारले घोषणापत्रमा गरिएका प्रतिबद्धताहरूको ४३ प्रतिशत पूरा गरिसकेको छ। मुख्यमन्त्री श्री अधिकारीले औद्योगिक र व्यावसायिक

निवेश बढ्ने विश्वास व्यक्त गर्नुभयो । उहाले अझ भन्नुभयो - सरकार निरन्तर तल्लो स्तरमा विकासको लागि काम गरिरहेको छ र आगामी समयमा ठूलो संख्यामा उद्योगहरू पश्चिम बंगालमा आउने अपेक्षा गरिएको छ।

**लोकसभा सचिवालय तृणमूल कांग्रेस**

तृणमूल कांग्रेसका नेता अभिषेक बनर्जीले दलबदल रोधी कानुन अन्तर्गत अयोग्य घोषित गर्न माग गर्दै दर्ता गरेको याचिकामा लोकसभा सचिवालयले तृणमूल कांग्रेसका २० बागी सांसदहरूलाई नोटिस जारी गरेको छ। उनीहरुलाई सात दिनभित्र जवाफ दिन भनिएको छ । तृणमूलका २० सांसदहरु नेसनलिस्ट सिटिजन्स पार्टी अफ इन्डिया (एनसीपीआई) मा प्रवेश गरेका छन् । सर्वोच्च न्यायालयले अभिषेक बनर्जीको अयोग्यताको याचिकामा चाँडै निर्णय लिन सहमत भएपछि यो कदम चालिएको हो।

**बीएनएस**

सिलगड़ीको कावाखालीमा आयोजित ६ दिने भारतीय न्याय संहिता प्रदर्शनी सामाप्त भएको छ। गत २१ अगस्तको दिन केन्द्रिय गृहमंत्री अमित शाहले यसको यसको उद्घाअनल गर्नुभएको थियो।

बाईट

**सिलगुढ़ीमा अन्नपूर्ण भण्डार योजना- मंत्री शंकर घोष**

सिलगुढ़ीमा अन्नपूर्ण भण्डार योजनाका लाभार्थीहरूको घरमा स्टिकर टाँस्ने कार्य शुरू भएको छ। राज्यका पर्यटन मन्त्री तथा सिलगढ़ीका विधायक शङ्कर घोषले आज यस अभियानको शुभारम्भ गर्नुभयो यस अवसरमा पर्यटन मन्त्री शंकर घोषले भन्नुभयो - अन्नपूर्ण योजनाको माध्यमबाट पहिला नै ठूलो सङ्ख्यामा मानिसहरूलाई आर्थिक सहयोग प्राप्त भइसकेको छ। अब योजनाका लाभार्थीहरुको घरमा योजनाको पहिचानसित सम्बन्धित स्टिकर टाँसिँदैछ।मन्त्री श्री घोषले अझ भन्नुभयो - अहिले पनि धेरै जना मानिसहरू यस योजनादेखि वञ्चित छन्। योग्य भए पनि महिलाहरू आर्थिक लाभ प्राप्त गर्नदेखि वञ्चित हुन परेको मामिलाको जाँच गरेर उनीहरूलाई पनि यसको दायरमा ल्याउने व्यवस्था गरिनेछ।मंत्री शङ्कर घोषले अझ भन्नुभयो - सरकारको यस योजनाको मुख्य उद्देश्य पात्र महिलाहरूलाई आर्थिक सहायता उपलब्ध गराउनु हो।

**पश्चिम बंगाल पर्यटन उद्योग**

पश्चिम बंगालमा पर्यटन उद्योगलाई नयाँ रूपमा विकास गर्ने तयारी सुरु भएको छ । दार्जिलिङमा पर्यटकहरूको सुविधाका लागि रोपवे सेवामा सुधार गर्नुका साथै सुन्दरवनमा लक्जरी क्रुज वा नदी पर्यटन सुरु गर्ने योजना बनाइएको छ। यस लगायत दिघा, मन्दारमणि, पुरुलिया, झारग्राम र नवद्वीप सहित राज्यका प्रमुख पर्यटन केन्द्रहरूको विकासमा पनि विशेष जोड दिइनेछ।

1-Byte -सुष्मा तामांग

मुख्यमन्त्री शुभेन्दु अधिकारीको उपस्थितिमा पर्यटन विभागका पदाधिकारीसँग उच्चस्तरीय बैठक गर्नुभयो । पर्यटन उद्योगलाई थप आकर्षक बनाउन बैठकमा विभिन्न महत्वपूर्ण निर्णय भएको छ । यस क्रममा पर्यटन विभागको नयाँ लोगो तयार गर्ने निर्णय पनि गरिएको छ, जसको अनावरण मुख्यमन्त्री श्री सुबेन्दु अधिकारीले गर्नुहुनेछ। बैठकमा मुख्यमन्त्री लगायत पर्यटनमन्त्री शंकर घोष, मुख्य सचिव मनोज अग्रवाल, मुख्यमन्त्रीका प्रमुख सल्लाहकार सुब्रत गुप्ता, वित्त सचिव र प्रशासनका धेरै वरिष्ठ अधिकारीहरू उपस्थित थिए। सुत्र अनुसार मुख्यमन्त्री श्री अधिकारीले पर्यटन विभागका सबै सम्पत्तिको आधुनिकीकरण र सम्बन्धित विभिन्न विभागहरूबीच राम्रो समन्वयमा जोड दिनुभएको छ । पहाडको पर्यटनलाई सम्बर्धन गर्न पर्यटकहरुले हिमालयाको प्राकृतिक सौन्दर्यको आनन्द लिन सकून् र ट्राफिक जामको समस्या नहोस् भनेर दार्जिलिङमा रोपवे सेवालाई सुधार गर्ने योजना बनाएको छ । यसले पर्यटकहरूका लागि सुन्दरवनको यात्रालाई अझ आकर्षक बनाउने प्रयास गर्नेछ। पर्यटकहरुलाई मनोरञ्जन दिन स्पीडबोट उपलब्ध गराउने निर्णय भएको छ भने दिघा, मन्दारमणिजस्ता लोकप्रिय पर्यटकीय गन्तव्यहरुमा स्पीडबोट अवतरण गर्ने पनि बैठकले निर्णय गरेको छ । पर्यटन विभागको यो नयाँ योजनामार्फत हरेक क्षेत्रलाई आधुनिक सुविधाले जोडेर हिमाल, समुद्र, जङ्गल र धार्मिक पर्यटनलाई देशको प्रमुख पर्यटकीय केन्द्रको रुपमा थप बलियो बनाउने भएको छ ।

**वाग्येकार गोपाल योञ्जन- ८३औ जन्मजयन्ती पालन**

मिरिक गोपाल योञ्जन प्रतिष्ठानको आयोजनामा आज वाग्येकार गोपाल योञ्जनको ८३औ जन्मजयन्ती पालन गरियो गोर्खा रङ्गमञ्च भवन परिसर मिरिकमा सम्पन्न कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष एस. बी. गजमेरले अध्यक्षता गर्नुभएको थियो भने गोपाल योञ्जनका सहपाठी तपेन्जामनी गुरूङ प्रमुख अथितिको रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा प्रतिष्ठानका सचिव केसाङ लामाले वाग्येकार गोपाल योञ्जनको जीवनी प्रस्तुत गर्नुहुदै स्व. योंजना ले नेपालि संगीत जगतको बिकासमा दिनुभएको अतुलनीय योगदानलाई सदावी स्मरण गरिने बताउनु भयो I यस अवसरमा कार्यक्रममा साहित्य सुनौ परिवार ,सुचना एवं सांस्कृतिक विभाग,वरिष्ठ नागरिक कल्याण संघ का सदस्यहरुको उपस्थित रहेका थिए I यसरीनै दार्जीलिंग भानु भवन परिसरमा पनि वाग्येकार गोपाल योञ्जनको ८३औ जन्मजयन्ती पालन गरिएको जानकारी प्राप्त भएको छ I

**पश्चिम बंगाल -भाजपा -रणनीति**

पश्चिम बंगालमा विधानसभा चुनावमा ठूलो जित हासिल गरेपछि भाजपाले अब यही रणनीति अन्तर्गत चाडै नगरपालिका चुनाव गर्ने तयारी गरिरहेको छ। दुर्गा पूजा समाप्त हुने बित्तिकै कोलकाता नगर निगम र हावडा नगर निगमको चुनाव हुने सम्भावना रहेको छ।भारतीय जनता पार्टीले कोलकाता महानगरपालिका चुनावको लागि पूर्व प्रदेश अध्यक्ष तथा केन्द्रीय शिक्षा राज्य मन्त्री सुकान्त मजुमदारलाई चुनाव प्रभारी नियुक्त गरेको छ। यस्तै, अनिन्द्य बन्द्योपाध्यायलाई सह प्रभारी नियुक्त गरिएको छ। यस्तै भाजपाका वरिष्ठ नेता तथा राज्यसभा सांसद राहुल सिन्हालाई हावडा नगर निगमको चुनावको लागि चुनाव प्रभारी बनाइएको छ भने सञ्जयकुमार सिंहलाई संयोजकको जिम्मेवारी दिइएको छ।

**********